आज मिति २०८२ बैशाख ०८ गतेका दिन बिहान ८:०० बजे यस मर्स्याङदी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :- श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :- श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :- श्री बल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :- श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :- श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :- श्री धर्नामिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :- श्री हरिश्चन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :- श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :- श्री पूर्ण घले

कार्यपालिका सदस्य :- श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :- श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :- श्री अर्जुन चपाई

अन्य उपस्थिति :

इन्जिनियर :- श्री सुरेश गौतम

लेखा अधिकृत :- श्री मनि राना मगर

सहायक प्रशासकीय अधिकृत :- श्री अनिल कुमार गुरुङ

**मिति २०८२/०१/८ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु :**

**निर्णय नं. १ : अघिल्लो बैठकको समिक्षा सम्बन्धमा :**

मिति २०८१/१२/११ को मर्स्याङ्दी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था बारे यस बैठकमा समिक्षा गरियो । साथै वडाको कार्य प्रगति बारे वडा अध्यक्ष ज्यूहरुको रिपोर्टिङ भयो । समिक्षा र रिपोर्टिङको क्रममा बैठकमा उठेका विषयहरुमा छलफल भयो ।

**निर्णय नं.- २ : प्रदेश योजना आयोगको समपुरक तथा विशेष अनुदान कार्यक्रम प्रस्ताव सम्बन्धमा ।**

प्रदेश सरकार प्रदेश योजना आयोगमा स्थानीय तहमा आ.व. २०८२/०८३ का लागि प्रदेश समपुरक अनुदान तथा प्रदेश विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना / कार्यक्रमका लागि निम्न योजनाहरु सिफारिसका साथ अनुरोध गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

क) समपुरक अनुदानतर्फ :

१. खुदी - धनपोखरा नाम्रु सडक, मर्स्याङ्दी - ९,१ (क्रमागत)

२. खुदी - सिम्पानी - भलामचौर - घलेगाउँ सडक, मर्स्याङ्दी - ९ (क्रमागत)

३. बाहुनडाँडा - घेर्मु सडक, मर्स्याङ्दी - ६,५ (क्रमागत)

ख) विषेश अनुदान तर्फ :

१. खुदी खोला तटबन्ध, मर्स्याङ्दी - ३, ९

२. तिन ताधिङ खानेपानी योजना, मर्स्याङ्दी - ४

३. भाचे खानेपानी योजना, मर्स्याङ्दी - २

**निर्णय नं. ३ :१० शैया अस्पतालको स्तोरउन्नती,संरक्षण तथा घेराबारको लागी रकम विनियोजन तथा ठेक्का प्रकृया सम्बन्धमा:**

यस मर्स्याङदी गाउँपालिका वडा नं ७ मा रहेको १० शैया अस्पतालको निर्माण कार्य अन्तिम चरणमा पुगेको साथै माथिल्लो बल्कसम्म जानको लागी कच्ची बाटो निर्माण भएको र उक्त बाटोलाई संरक्षण गर्नका लागी टेवा पर्खाल र घेराबारको कार्य अति आवश्यकता देखिएका र यसको अतिरिक्त अन्य थप संरचनाहरु समेत निर्माण गर्नु पर्ने भएकोले उक्त योजनालाई थप व्यवस्थित र प्रभावकारी बनाउनका निम्ति आ.व. २०८२/८३ मा रकम विनियोजन गर्ने गरी रु १,००,००,००० (अक्षरुपी एक करोड रुपैया मात्र) बराबरको रकमको स्रोत सुनिश्चितताका साथ यसै आ.व. २०८१/८२ भित्र १ वर्षको म्याद राखी ठेक्का आव्हान गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ : साम्बा चोक स्तम्भ निर्माणको लागी रकम विनियोजन सम्बन्धमा:**

यस मर्स्याङदी गाउँपालिका वडा नं ९ मा जन्मिएकी राष्ट्रिय महिला फुटबल टोलीकी फरवार्ड खेलाडी साबित्रा भण्डारी "साम्बा" को सम्मानमा मर्स्याङदी गाउँपालिका-९ खुदी फुलबारीको क्षेत्रलाई "साम्बा चोक" नामकरण गरि साबित्रा भण्डारीको योगदानलाई सम्मान गर्ने मिति:२०८१/१२/११ को कार्यपालिका बैठकमा सर्वसम्मत निर्णय गरिएकोले उक्त पूर्वाधार निर्माण गर्नका लागी स्थलगत निरिक्षण गरी प्राबिधिक ईष्टिमेट बमोजिम रकम रु १,११,७६३.४९ (अक्षरुपी एक लाख एघार हजार सात सय त्रिसठ्ठी रुपैया मात्र) रुपैया आ.व. २०८१/८२ मा ठेक्का मार्फत संचालन भएका योजनाहरुको घटी रकमबाट खर्च हुने गरी विनियोजन गर्ने निर्णय गरियो।



(प्रमुख प्रशासकीय अधिकृत)

अध्यक्ष

**निर्णय नं. ५ : जगत सामुदायिक स्वास्थ्य इकाई स्तोरोन्नतीको लागी रकम अनुमोदन सम्बन्धमा:**

यस मर्स्याङदी गाउँपालिका वडा नं ४ मा रहेको जगत स्वास्थ्य चौकीबाट सेवा प्रवाह व्यवस्थित बनाउनका निम्ति स्तरोन्नती गर्नुपर्ने देखिएकाले उक्त योजनाको लागी प्राविधिक स्टिमेटका आधारमा रकम रु ९,००,०००.०० (अक्षरुपी नौ लाख रुपैया मात्र) भएको साथै उक्त निर्माण कार्य कोटेशन मार्फत श्री बुध्द कन्ट्रक्सन मर्स्याङदी-०८, भुलभुले ले कबोल अङ्क (भ्याट सहित) रु ८,८८,७५.९९(अक्षरुपी आठ लाख अठासी हजार चार सय पचहत्तर रुपैया उन्नसय पैसा मात्र) मा कार्य शुरु गरेकाले उक्त कबोल रकम आ.व. २०८१/८२ मा ठेक्का मार्फत संचालन भएका योजनाहरुको घटी रकमबाट खर्च हुने गरी अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ : स्वकिय सचिव नियुक्ति अनुमोदन सम्बन्धमा :**

गाउँपालिका अध्यक्षको स्वकिय सचिव सरोज गुरुङले मिति २०८२ वैशाख १ गते देखि लागु हुने गरि राजिनामा पेश गरेको हुँदा उक्त राजिनामा स्विकृत गरि उक्त पदमा मर्स्याङ्दी - ४ स्थायी ठेगाना भएको प्रदिप गुरुङलाई गरेको नियूक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :हलुका सवारी चालक (ड्राभिङ) तालिम सञ्चालन सम्बन्धमा**

मर्स्याङ्दी गाउँपालिका अन्तर्गतका गरिबीको रेखामुनि रहेका र वैदेशिक रोजगारी वाट फर्केका युवाहरुलाई सीप विकासको माध्यमद्धारा रोजगारी एवम स्वरोजगार का अवसर सृजना गर्नको लागि हलुका सवारी चालक (ड्राभिङ) तालिम सञ्चालनको लागि मर्स्याङ्दी गाउँपालिकाको आ.व २०८१/८२ को सीप विकास तथा जनचेतना तालिम तथा गोष्टी सम्बन्धी खर्च अन्तर्गत विनियोजन भएको सिपमुलक तथा क्षमता विकास कार्यक्रम मा विनियोजन भएको रकम रू.दश लाख र सशक्तिकरण कार्यक्रममा विनियोजन भएको रकम रू.पाँच लाख मध्येवाट खर्च हुने गरी प्रस्तावित प्रस्तावना अनुसार खर्च रकम रु.८,०२,४०० (अक्षररुपी आठ लाख दुई हजार चार सय मात्र) खर्च गर्ने यस मर्स्याङ्दी गाउँकार्यपालिकाको बैठकमा सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. ८ : ब्युटिसियन सीप विकास तालिम सम्बन्धमा**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) ब्युटिसियन सीप विकास तालिमको लागि अनुमानित प्रस्तावित प्रस्तावना अनुसार अनुमानित खर्च रु.६,०२,९५०।- (अक्षररुपी छ लाख दुई हजार नौ सय पचास रुपैयाँ) भएकोले गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ नयाँ लघु उद्यमी सृजना तर्फ विनियोजित भएको रकम रू.९२००००।-(अक्षररुपी नौ लाख बिस हजार रुपैयाँ) मध्येबाट बाँकी रकम रु. २,४८,३००।-(दुई लाख अड्चालीस हजार तिन सय) मात्र बाँकी रहेको हुँदा सो कार्यक्रम सञ्चालन गर्नको लागि अपुक रकम रू. ३,५४,६५०। (अक्षररुपी तिन लाख चैवन्न हजार छ सय पचास) मात्र गा.पा.चालु २०८१/०८२ को सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च अन्तर्गत सिन.२ मा महिला विकास कार्यक्रम अन्तर्गत विनियोजन भएको रकम रू. १००००००।- (अक्षररुपी दश लाख) मध्येवाट अपुक रकम खर्च गर्ने भनि कार्यपालिकाको बैठकमा सर्वसहमतिले निर्णय गरियो ।

२

**निर्णय नं. ९ : मध्यमकालीन खर्च संरचना सम्बन्धमा**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व ऐन २०७६ ले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ । यस मर्स्याङ्दी गाउँपालिकाको आ.व.२०८२/८३,२०८४/८५ को लागि मध्यमकालीन खर्च संरचना तयार गर्नको लागि गा.पा.चालु आ.व. २०८१/०८२ को सेवा र परामर्श खर्चमा विनियोजन भएको रकम रु.१५०००० (अक्षररुपी पन्ध्र लाख) मध्येबाट खर्च हुने गरी पाँच लाख विनियोजन गर्ने यस कार्यपालिकाको बैठकमा सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. १० : वडा नं ४ र ६ को स्वास्थ्य चौकीहरुको म्याद थप सम्बन्धमा।**

मर्स्याङदी गाउँपालिकाको कार्यालयको वडा नं ४ र ६ मा अवस्थित स्वास्थ्य चौकीहरुको क्रमश **Construction Works of Health post Building at Taghring, Marsyangdi-04, Lamjung (09/MRM/BDG/NCB/2080-81)** र **Construction Works of Health post Building at Bahundanda, Marsyangdi-06, Lamjung(10/MRM/BDG/NCB/2080-81)** को यस मर्स्याङदी गाउँपालिका र **Champawati Nirman Sewa,Besisahar-08, Lamjung** बिच मिति २०८२।०१।१५ भित्र सम्पन्न गर्ने गरि मिति २०८१।०१।१४ गतेमा सम्झौता भएकोमा उक्त योजनाको हाल सम्मको भौतिक प्रगति क्रमश ६५ र ७०% र वित्तिय प्रगति क्रमश ५६.९३ र ६०.५०% रहेको छ। यस योजना निर्माण कार्यको क्रममा २०८१-१२-२५ गतेका दिन निज निर्माणव्यवसायीले विभिन्न कारण सहित म्याद थपको लागी निवेदन पेश गरेकोमा उक्त निवेदन उपर जाँचबुझ गर्दा निवेदनमा निर्माण व्यवसायीले २०८१-१२-२४ मा पहिलो रनिङ बिल भुक्तानीको लागी निवेदन पेश गरेको तर उक्त योजनाको लागी सबै रकम भुक्तानी हुन नसकेको साथै मिति २०८०-११-२१ गते नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सार्वजनिक खरिद नियमावली २०८०(१३ औं संसोधन) को दफा ३ को नियम १२० मा खरिद सम्झौताको अवधि थपसम्बन्धी विशेष व्यवस्था अनुसार उक्त फर्मले म्याद थप गर्नको लागि खुलाइएको कारण खरिद सम्झौता बमोजिम मनासिब देखिएको र समयमा भुक्तानी हुन नसकेको हुनाले निर्माण व्यवसायीले नयाँ Work Schedule पेश गरी उक्त Work Schedule मा फरक नपर्ने गरी प्रतिबध्दता समेत गरेको खण्डमा साथै सार्वजनिक खरिद नियमावली २०८०(१३ औं संसोधन) को दफा ३ को नियम १२०(क) बमोजिम कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाई संशोधित कार्यतालिका तथा म्याद थपका कारण थप आर्थिक दाबी नगर्ने प्रतिबध्दता सहित निवेदन दिएमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्ने प्रावधान रहेकोले उक्त योजनाको म्याद मिति: २०८२-०५-१५ गते (४ महिना) अवधि सम्मको म्याद थप गर्ने निर्णय गरि सरोकारवाला निकायलाई पत्राचार गर्ने निर्णय गरियो।

तपशिल:-

| सि.नं. | विवरण | मिति देखि | मिति सम्म | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | सम्झौता मिति | २०८१।०१।१४ | २०८२।०१।१५ | १ वर्ष | शुरु सम्झौता |
| २. | पहिलो म्याद थप | २०८२।०१।१६ | २०८२।०५।१५ | ४ महिना | का.पा बैठक |

**निर्णय नं. ११ : चमेना गृह सञ्चालन सम्बन्धमा :**

यस मर्स्याङदी गाउँपालिका गाउँकार्यपालिकाको जनप्रतिनिधि, कार्यरत कर्मचारीहरुको विहान वेलुका कार्यालयको समय अघिपछि र कार्यालयको समयमा खाना, खाजा र नास्ता र विभिन्न कार्यक्रमहरु आयोजनाको समयमा खाजा राम्रो प्रवन्धको लागि यस कार्यालयको चमेना गृह भवनमा मासिक रु.२,५०० ( अक्षरुपी दुई हजार पाँच सय रुपैया)का दरमा घर भाडामा चमेना गृह सञ्चालनको लागि सम्पुर्ण प्रकृया अगाडी वढाउने यस गाउँपालिकाको गाउँकार्यपालिका वैठकमा सर्व सम्मतिले पारित गरियो ।

**निर्णय नं. १२ : आर्थिक सहयोग सम्वन्धमा :**

१) मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.न.१ मा उल्लेखित विभिन्न धार्मिक,सांस्कृतिक,साहित्यिक, महोत्सव, दिवस गोष्ठि सम्वन्धी विनियोजित वजेट खर्च शिर्षकवाट तपसिल वमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

- वेसिशहर यूथ सोसाईटी सेरा, वेसिशहर, लमजङ्ग - रु.३०,०००।- (तिस हजार मात्र)

२) मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.न. ५ मा उल्लेखित विपद् व्यवस्थापन कोष सम्वन्धी विनियोजित वजेट ख़र्च शिर्षकवाट तपसिल वमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकाको गाउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

- श्री रत्न विद्या मन्दिर प्रा.वि., मर्स्याङ्दी - ५, रु. १५०,०००।- (एक लाख पचास हजार रुपैया मात्र)

अर्जुन चापाई
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष